आज मिति २०८१/१२/२५ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगर कार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ ।

## उपस्थिति

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | Shanti | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती बोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री हरिदत्त कंडेल |
| अन्य उपस्थिति | | | |
| १ | | | श्री अनिमेष पन्त |
| २ | | | श्री सुना शर्मा |
| ३ | | | श्री शान्ती देवी शर्मा पौडेल |
| ४ | Laxmi | | श्री लक्ष्मी श्रेष्ठ |

**प्रस्तावहरु**

१. गत बैठकको समिक्षा सम्बन्धमा ।

२. समपूरक/विषेश अनुदानको लागि प्रदेशमा योजना तथा कार्यक्रम सिफारिस गर्ने सम्बन्धमा ।

३. समपूरक/विषेश अनुदानको लागि लागत साझेदारी सम्बन्धमा ।

४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वय समिति गठन गर्ने सम्बन्धमा ।

५. लैसयास परिक्षण कार्यदल गठन सम्बन्धमा ।

६. डकुमेन्ट्री निर्माण तथा पत्रकारिता तालिम संचालनको लागि रकम विनियोजन गर्ने सम्बन्धमा ।

७. पुरस्कार वितरण सम्बन्धमा ।

८. सुचना प्रविधि अधिकृतको करारनामा सम्बन्धमा ।

९. कार्यविधी स्वीकृत गर्ने सम्बन्धमा ।

१०. भुक्तानी सम्बन्धमा ।

११. दोश्रो भेरिएसन अर्डर सहितको सम्झौता रकम स्वीकृत गर्ने सम्बन्धमा ।

१२. विविध सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्म भए गरेका काम कारवाहीको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकबाट भए गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय भएका विषयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रदेश सरकारबाट उपलब्ध हुने समपूरक अनुदान र विषेश अनुदान अन्तर्गत आर्थिक बर्ष २०८२/०८३ मा कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमको लागि देहाय बमोजिमका योजना तथा कार्यक्रमहरु माग गरी पठाउने निर्णय गरियो ।

(क) समपूरक अनुदान

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | कैफियत |
|---|---|---|
| १ | बजार क्षेत्र कालोपत्रे फुटपाथ सतहढल ढुंगा छपाई कार्यक्रम | नयाँ |
| २ | ब्लुहिल पर्यटन पदमार्ग, बा.न.पा. वडा नं. ९ | नयाँ |

| ३ | घैयारा घुम्ती बराहथान नुन्थला हुँदै कुमाईधारा सडक स्तरोन्नती, वडा नं. ५ | नयाँ |
|---|---|---|

(ख) विशेष अनुदान

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | कैफियत |
|---|---|---|
| १ | बाङ्गेचौर स्टुडियम निर्माण (खेलमैदान, पँहुच सडक मार्ग र पर्खाल निर्माण सहित) | नयाँ |
| २ | बाल तथा मातृ मृत्युदर न्यूनिकरणको लागि आधारभूत स्वास्थ्य सेवा | नयाँ |
| ३ | दलित, जनजाति, अल्पसंख्यक, सिमान्तकृत र विपन्न वर्ग उत्थान कार्यक्रम | नयाँ |

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्रदेश सरकारबाट उपलब्ध हुने समपूरक अनुदान र विषेश अनुदान अन्तर्गत आर्थिक बर्ष २०८२/०८३ मा कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमको लागि यस पालिकाबाट प्रस्ताव गरिएका योजनाहरुमा आवश्यक पर्ने लागत सहभागिता रकम आगामी नगरसभाबाट बजेटको सुनिश्चितता गरी प्रदेश सरकारबाट जारी गरेको **बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी एकीकृत कार्यविधि २०८१** बमोजिम सहभागिता जनाउने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा स्थानीय तहका लागि लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण दिग्दर्शन २०७८ को दफा ३.२.१ मा व्यवस्था भए बमोजिम देहाय अनुसार लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण कार्यान्वय समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १) | नगर प्रमुख | संयोजक |
| २) | उपप्रमुख | सदस्य |
| ३) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४) | सामाजिक विकास समितिका संयोजक | सदस्य |
| ५) | कार्यपालिका सदस्य श्री धनमाया शर्मा | सदस्य |
| ६) | कार्यपालिका सदस्य श्री ज्योति के.सी. विष्ट | सदस्य |
| ७) | कार्यपालिका सदस्य श्री सिता थापा छन्त्याल | सदस्य |
| ८) | रचना आचार्य | सदस्य सचिव (लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण हेर्ने शाखाका प्रमुख) |

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणको लागि देहाय बमोजिम लैससास कार्यदल गठन गर्ने निर्णय गरियो ।

(१) श्री ज्योति के.सी. विष्ट (कार्यपालिका सदस्य) संयोजक

(२) श्री भिमसेन पन्त (परिक्षणकर्ता) सदस्य

(३) श्री रचना आचार्य (विषय क्षेत्र हेर्ने शाखा) सदस्य

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस कार्यालयबाट सम्पादन भएका योजना तथा कार्यक्रमहरुको भिडियो डकुमेन्ट्री निर्माण गर्न र दिगो विकास तथा वातावरण सम्बन्धी पत्रकारिता तालिम कार्यक्रम संचालन गर्नको लागि देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | संचालन गर्ने कार्यक्रम | विनियोजन रकम | कैफियत |
|---|---|---|---|
| १ | भिडियो डकुमेन्ट्री निर्माण | ५००,०००। | कोटेशन मार्फत गर्ने |
| २ | दिगो विकास तथा वातावरण सम्बन्धी पत्रकारिता तालिम | ३००,०००। | नेपाल पत्रकार महासंघ बागलुङ |

निणर्य नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा मिति २०८१ माघ ९ गते बागलुङ नगरपालिकालाई बालमैत्री नगर घोषणा गर्ने क्रममा र्‍यालिमा उपस्थित झाँकीहरु वीच प्रतिस्पर्धा गराई मुल्याङ्कन समितिबाट मूल्याङ्कन भै प्रथम द्धितिय र तृतिय घोषणा गरिएका देहाय बमोजिमका झाँकीहरुलाई बालमैत्री शिर्षकबाट क्रमश: ३०, २० र १० हजार नगद पुरस्कार दिने निर्णय गरियो ।

(क) प्रथम : क्षेत्री समाज, बागलुङ ।

(ख) द्धितिय : तित्याङ मा.वि, बा.न.पा. ९

(ग) तृतिय : करवाकेली पुन मगर समाज, बा.न.पा. ४

निणर्य नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम, कार्यान्वय समन्वय ईकाईको प.सं. ०८१/०८२, च.नं. २४२,

CamScanner

मिति २०८१/११/२३ को पत्र बमोजिम सुचना प्रविधि अधिकृतको योग्यता पारिश्रमिक तथा सेवा सुविधा लोक सेवा आयोगले कम्प्यूटर ईञ्जिनियर वा कम्प्यूटर अधिकृत रा.प.तृतिय श्रेणी सरह तोकी सोही बमोजिम पारिश्रमिक तथा अन्य सुविधा वापतको रकम (सोधभर्ना) उपलब्ध गराएको हुँदा यस कार्यालयमा कार्यरत सुचना प्रविधि अधिकृतलाई कम्प्यूटर ईञ्जिनियर वा कम्प्यूटर अधिकृत रा.प.तृतिय श्रेणी सरह करार गरी सोही बमोजिम तलव भत्ता भुक्तानी गर्ने निर्णय गरियो ।

**निणर्य नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा बागलुङ नगरपालिकाको दैनिक तथा प्रशासनिक कार्य सम्पादनको लागि आवश्यक परी मस्यौदा तयार भै पेश हुन आएका तपशिल बमोजिमका कार्यविधीलाई स्वीकृत गर्ने निर्णय गरियो ।

१. एकल महिला सुरक्षा कोष सञ्चालन तथा व्यवस्थापन कार्यविध, २०८१

२. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचार संहिता, २०८१

**निणर्य नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस कार्यालयमा देहाय बमोजिमका संघ संस्थाहरुले आर्थिक सहायताको लागि दिएको निवेदन सम्वन्धमा देहाय बमोजिमको कार्यक्रम सम्पन्न गरी विल भरपाई सहित आवश्यक काजगपत्र पेश गर्न लगाई देहाय बमोजिम आर्थिक सहायता दिने निर्णय गरियो ।

**तपशिल**

| सि.नं. | आर्थिक सहायता उपलब्ध गराउने संघ सस्थाको नाम | प्रयोजन | आर्थिक सहायता रकम रु |
|---|---|---|---|
| १ | नेपाल भुतपूर्व खेलाडि मञ्च, पोखरा नेपाल | १९ औ अन्तराष्ट्रिय म्याराथन प्रतियोगिता | २५,०००। |
| २ | श्री मानव सेवा फाउण्डेसन, नेपाल | कोटिहोम विराट ज्ञान महायज्ञ २०८२ | १,११,१११। |

**निणर्य नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा बागलुङ नगरपालिका बागलुङको ठेक्का नं. BAGMUN/BAG/NCB/W/09/079-80: Construction of Galuwa-Bhakunde Road को शुरु सम्झौता रकम रु ७,२०,६१,५७९।६६ मा कार्य संचालनको क्रममा आई परेका थप कार्यहरुलाई समेटेरे तयार पारिएको दोश्रो भेरिएसन अर्डरको लागत अनुमान रु ९८३,१४,८८७।७० (मु.अ.कर सहित) र कुल सम्झौता रकम रु ७,९०,६७,०७३।४६ (मु.अ.कर सहित) स्वीकृत गर्ने निर्णय गरियो ।

**निणर्य नं. १२**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा जिल्ला समन्वय समिति मार्फत बालमैत्री स्थानीय शासन युक्त वडा घोषणा जिल्ला स्तरीय अनुगमन समितिको तर्फबाट बागलुङ नगरपालिका सवै वडाको बालमैत्री वडा अनुगमन गरी जिल्ला समन्वय समितिको कार्यलय मार्फत बालमैत्री जिल्ला अनुगमन समितिको तर्फबाट प्राप्त हुन आएको विभिन्न मितिका पत्रहरु (प्रतिवेदन) र नदीजन्य तथा खानी जन्य पदार्थको उत्खनन, संकलन र विक्री प्रक्रियाको जिल्ला अनुगमन समितिबाट अनुगमन गरी मिति २०८१।१०।२७ को पत्रबाट प्राप्त सुझाव सम्बन्धमा छलफल भयो । दुवै प्रतिवेदन तथा पत्रहरुमा उल्लेख भएका सुझावहरु कार्यान्वयनको लागि सम्बन्धित शाखाहरुमा जानकारी गराउने निर्णय गरियो ।

CamScanner